# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०

**प्रथम संशोधनः मिति २०७२/८/२५**
**दोश्रो संशोधनः मिति २०७४/१०/१२**
**तेश्रो संशोधनः मिति २०७५/ १०/२१**
**चौथो संशोधन मितिः-२०७६/०८/१३**

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधान, विद्यमान खेलकुद नीति तथा खेलकुद विकास ऐन एवं नियमावलीको मर्म र भावना अनुरुप खेलकुदको समुचित विकास तथा विस्तारका लागि मूल आधारको रुपमा रहेका विद्यालयहरुलाई केन्द्रविन्दु बनाई खेलकुद प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्ने, राष्ट्र निर्माण एवं विकासमा खेलाडीहरुको भूमिकालाई सबल, सक्षम एवं प्रभावकारी बनाउन स्थानीय, प्रदेश र संघस्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी उत्कृष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार पार्दै भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागी भै राष्ट्रको छवि उच्च बनाउन योगदान पुऱ्याउन सक्ने खेलाडी तयार गर्ने एवं संघीय प्रणाली अनुरुप विद्यालयहरुको सहभागितामा सञ्चालन हुने खेलकुदका प्रतियोगिताहरुलाई अनुशासित, मर्यादित र व्यवस्थित रुपले सञ्चालन गर्ने उद्देश्यले राष्ट्रपति रनिङ शिल्ड सञ्चालन एवं व्यवस्थापन गर्न नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले यो "राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७०" जारी गरेको छ ।

## परिच्छेद - १
## <u>प्रारम्भ</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यो निर्देशिकाको नाम “राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०” (चौथो संशोधन) रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. <u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनुपर्छ ।

(ख) “परिषद्” भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनुपर्छ ।

(ग) “प्रदेश स्तरीय खेलकुद विकास समिति” भन्नाले परिषद् अन्तर्गत गठित प्रदेश स्तरको खेलकुद गतिविधि सञ्चालन गर्ने निकायलाई सम्झनुपर्छ। सो शब्दले प्रदेश

खेलकुद परिषद् वा बोर्ड वा समिति गठन नभएसम्मका लागि प्रदेशमा रहेको क्षेत्रीय खेलकुद विकास समिति वा प्रदेश स्तरको प्रतियोगिता सञ्चालन गर्न परिषद्ले तोकेको समिति समेतलाई बुझाउनेछ ।

(घ) "जिल्ला खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गतको जिल्ला स्तरीय निकायलाई सम्झनुपर्छ ।

(ङ) "राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले चालु शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरू बीच आ-आफ्नो समूहमा हुने एथ्लेटिक्स, भलिबल, कराँते, तेक्वान्दो, उसु र कबड्डी प्रतियोगितालाई सम्झनुपर्छ । जुन प्रतियोगिता स्थानीय तह स्तर, जिल्ला स्तर, प्रदेश स्तर र केन्द्र स्तर (संघ) मा सञ्चालन हुनेछ ।

(च) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रत्येचालु शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरू बीच आ-आफ्नो समूहमा सम्बन्धित स्थानीय तहस्तरमा हुने अन्तरविद्यालय खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ ।

(छ) "जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रत्येक स्थानीय तहबाट छनौट भई आएका राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश सबै खेलका खेलाडिहरु बीच आ-आफ्नो समुहमा जिल्ला स्तरमा हुने* अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ ।

(ज) "प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट स्थान हासिल गरी सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरूबीच सम्बन्धित प्रदेशमा हुने खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ ।

(झ) "केन्द्र स्तरीय (संघ स्तरीय) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट स्थान हासिल गरी सम्बन्धित प्रदेश स्तरीय खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरूबीच हुने खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ ।

---

* चौथो संशोधन द्वारा संशोधित

(ञ) "मार्सल आर्ट खेल" भन्नाले कराते, तेक्वान्दो र उसु खेलहरुलाई सम्झनु पर्छ ।

(ट) "टिम गेम" भन्नाले भलिबल, कबड्डी र रिले दौड खेललाई सम्झनु पर्छ ।

(ठ) "मस्कट" भन्नाले प्रत्येक वर्ष आयोजना गरिने राष्ट्रपति रनिङ शिल्डका लागि केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले घोषणा गर्ने प्रतीक चिन्हलाई जनाउँछ ।

(ड) "लोगो" भन्नाले परिषद्को सिफारिसमा मन्त्रालयबाट स्वीकृत गरी लागू गरिएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको चिन्हलाई जनाउँछ ।

## परिच्छेद - २
## स्थानीय तह तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

३. **प्रतियोगिताको आयोजना तथा व्यवस्थापनः** (१) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना, सञ्चालन तथा समन्वय गर्न सम्बन्धित स्थानीय तहको प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहेको स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समित गठन हुनेछ ।

(क) सम्वन्धित गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. का प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रतियोगिता सञ्चालन हुने स्थानको स्थानीय तहको वडा अध्यक्ष - सदस्य

(घ) सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखा प्रमुख - सदस्य

(ङ) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख - सदस्य

(च) जिल्ला खेलकुद विकास समितिका सदस्यहरुमध्येबाट जिल्ला खेलकुद विकास समितिका अध्यक्षले तोकेको १ जना - सदस्य

(छ) सम्बन्धित स्थानीय तहमा रहेका सामुदायिक/संस्थागत विद्यालयहरुका शिक्षकहरु मध्येबाट कम्तीमा २ जना महिला शिक्षक पर्ने गरी ४ जना - सदस्य

(ज) सम्बन्धित स्थानीय तहमा बसोबास गर्ने पूर्व खेलाडीहरु/खेलप्रेमीहरुमध्येबाट संयोजकले तोकेको १ जना

(झ) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख वा निजले तोकेको प्रशिक्षक/प्रतिनिधि - सदस्य

(ञ) सम्वन्धित खेल सघको प्रतिनिधि १/१ जना - सदस्य

(ट) प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक वा संस्था प्रमुख - सदस्य सचिव

(२) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय अनुसार हुनेछन् ।

(क) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा अनुगमन गर्ने ।

(ख) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधारको विकास र व्यवस्था गर्ने ।

(ग) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्न केन्द्रबाट निर्धारित तालिका अनुसार हुने गरी मिति तथा समय तोकी उपयुक्त स्थान छनौट गर्ने।

(घ) सम्बन्धित स्थानीय तहका सम्पूर्ण विद्यालयहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने ।

(ङ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना सम्बन्धमा जिल्ला खेलकुद विकास समितिसँग आवश्यक समन्वय गरी सो आयोजना सम्बन्धमा विवाद उत्पन्न भएको अवस्थामा समाधान गर्ने ।

(च) समितिको बैठक सम्बन्धी कार्यविधि तयार गर्ने ।

(छ) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

(ज) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि सम्बन्धित स्थानीय तहमा विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने ।

(झ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक श्रोत जुटाउन पहल गर्ने।

(ञ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरु गठन गर्ने ।

(३) जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहेको जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ । यस समितिको निर्देशन अनुसार जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना तथा सञ्चालन जिल्ला खेलकुद विकास समितिबाट हुनेछ ।

(क) जिल्ला समन्वय समितिका प्रमुख - संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) प्रतियोगिता सञ्चालन हुने स्थानको स्थानीय तहको प्रमुख - सदस्य

(घ) जिल्ला समन्वय अधिकारी - सदस्य

(ङ) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख -सदस्य

(च) जिल्ला स्थित नेपाली सेनाको प्रमुख -सदस्य

(छ) जिल्ला प्रहरी कार्यालयको प्रमुख -सदस्य

(ज) जिल्ला स्थित सशस्त्र प्रहरीको प्रमुख -सदस्य

(झ) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष -सदस्य

(ञ) प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक वा संस्थाको प्रमुख -सदस्य

(ट) जिल्लाको सामुदायिक र संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरुमध्येबाट जिल्ला खेलकुद विकास समितिले मनोनयन गरेको २ जना -सदस्य

(ठ) सम्बन्धित जिल्लामा खेलकुदमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट जिल्ला समन्वय समितिका प्रमुखले मनोनित गरेको कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(ड) सम्बन्धित खेल सँघको प्रतिनिधि १/१ जना -सदस्य

(ढ) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख - सदस्य सचिव

(४) जिल्ला स्तरीय आयोजक समितिको काम, कर्तव्य र अधिकारहरु देहाय अनुसार हुनेछन् ।

(क) जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थित एवं मर्यादित रुपमा सञ्चालन गर्ने ।

(ख) प्रतियोगिताका लागि आवश्यक स्रोत, साधन तथा सामग्रीहरु व्यवस्थापन गर्ने ।

(ग) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरु गठन गर्ने ।

(घ) प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार स्थानीय तहहरु एवं सरोकारवालाहरुसँग समन्वय गर्ने ।

(ङ) स्थानीय स्तरबाट छनोट भएका खेलाडी (विद्यार्थीहरु) र विद्यालयहरु सहभागी गराई सफलता पूर्वक कार्यक्रम सम्पन्न गर्ने ।

(च) जिल्ला स्तरीय प्रतियोगिता सम्पन्न गरी विजयी खेलाडीहरुलाई निर्धारित कोटा अनुसार छनौट गरी प्रदेश स्तरीय प्रतियोगितामा सहभागी गराउने ।

(छ) जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले दिएको निर्देशनहरुको पालना गर्ने, गराउने ।

(५) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजकले स्थानीय स्तरमा प्रतियोगिता सञ्चालन गरी देहाय बमोजिमका खेलाडी तथा टोलीलाई जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

(क) ५ वटा भन्दा कम स्थानीय तह भएमा प्रथम, द्वितीय र तृतीय

(ख) ५ वा सो भन्दा बढी स्थानीय तह भएमा प्रथम र द्वितीय

तर (क) र (ख) मा जे लेखिए तापनि टिम गेमको हकमा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टसमा एउटा मात्र टिम सहभागी गराउन पाउनेछ। आयोजकले विजयी हुने टोलीका खेलाडीलाई परिवर्तन नगरी सोही टोलीलाई जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

४. **<u>प्रतियोगिता सञ्चालन प्रक्रियाः</u>** (१) स्थानीय तह स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसूची १ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) स्थानीय/जिल्ला स्तरीय प्रतियोगिताका विजयी खेलाडी र विद्यालयहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) स्थानीय तह स्तरीय प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्टहरू अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुनेछन् ।

(४) आयोजकले स्थानीय तह स्तरीय लगायत सबै प्रतियोगिता मौसमको अनुकूलता समेत हेरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ । जिल्ला स्तरीय प्रतियोगिता सहभागी नभई नगरी प्रदेश स्तरीय प्रतियोगितामा सहभागी हुन पाइने छैन ।

(५) स्थानीय तह स्तरीय प्रतियोगिता आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी कम्तिमा १५ दिन अगावै विद्यालयहरूलाई उपलव्ध गराउनुपर्नेछ ।

(६) जिल्ला स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित स्थानीय तह स्तरीय प्रतियोगिता आयोजकले अनुसूची १ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलव्ध गराउनु पर्नेछ ।

(७) स्थानीय तह स्तरीय प्रतियोगिताको आयोजकले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची ५ बमोजिमको ढाँचामा जिल्ला खेलकुद विकास समितिमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(८) जिल्ला स्तरीय प्रतियोगिताको आयोजकले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा मन्त्रालय, परिषद् र सम्बन्धित प्रदेश खेलकुद विकास समितिमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(९) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको शिल्ड नै विजयी विद्यालयलाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ तर एउटै विद्यालयले निरन्तर रूपमा तीन पटकसम्म रनिङ शिल्ड जितेमा सो शिल्ड उक्त विद्यालयले सधैंको लागि राख्न पाउनेछ। आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ शिल्ड बनाउनु पर्नेछ । रनिङ शिल्ड हराएमा,नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ शिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रयोग हुने शिल्डको नमूना राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा मन्त्रालयले तोके बमोजिमको हुनेछ ।

(१०) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा बढीमा २ खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ। प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउनेछ।

(११) प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरू पठाउन सक्नेछन् ।

(१२) मार्सल आर्ट खेलको हकमा स्थानीय तहले प्रतियोगिता आयोजना गरी खेलाडीहरुको सिफारिस गर्न पर्नेछ तर खेलाडीहरुको उपलब्धता तथा खेलको प्रकृति अनुसार प्रतिस्पर्धा गराउन सम्भव नभएमा तौल समूह अनुसारका खेलाडीलाई छनौट गरी जिल्लाको प्रतिस्पर्धामा सो व्यहोराको सिफारिस सहित सहभागिताका लागि पठाउन सक्नेछ ।

(१३) आयोजकले प्रतियोगिताको टाइसिट सकेसम्म कम्तिमा ५०% सहभागीहरुको प्रतिनिधिहरूको रोहवरमा निर्माण गर्नु पर्नेछ ।

(१४) प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्ट्सका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ। सञ्चालित प्रतियोगितामा प्रथम हुने स्थानीय तह/विद्यालयलाई शिल्ड सहित नगद, ट्रफी र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ । साथै द्वितीय र तृतीय हुने स्थानीय तह/विद्यालयहरुलाई ट्रफी, नगद र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(१५) जिल्ला खेलकुद विकास समितिले प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन पठाउँदा सम्बन्धित खेलाडीलाई पोशाक र जिल्लाको झन्डाको व्यवस्था गर्नु पर्नेछ। उक्त प्रतियोगितामा सहभागी हुने खेलाडीको आतेजाते यातायात खर्च सम्बन्धित जिल्ला खेलकुद विकास समितिले व्यहोर्नु पर्नेछ ।

(१६) आयोजकले प्रतियोगिता सञ्चालन गर्न स्थानीय स्तरमा पनि थप स्रोत जुटाउन सक्नेछ।

(१७) जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको एथ्लेटिक्स प्रतियोगितामा विजयी खेलाडीहरूलाई नै प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ तथा भलिबल र कबड्डी खेलमा सहभागी हुने खेलाडीहरूको छनौट भने उत्कृष्ट

खेलाडीहरूमध्येबाट खेल प्राविधिकहरुको परामर्शमा जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजक समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

(१८) काबु बाहिरको विशेष परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी प्रदेश स्तरीय खेलकुद विकास समिति, परिषद् र मन्त्रालयलाई आयोजकले गराउनु पर्नेछ।

(१९) पूर्वाधार र बसोबासको व्यवस्थालाई समेत विचार गरी इच्छुक विद्यालयहरूका बीच वर्षै पिच्छे अलग-अलग स्थानमा आपसी समझदारीमा झन्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(२०) आयोजकले विनियोजित रकमको खर्चको विवरण लेखा परिक्षण गराई सोको प्रतिवेदन सो आ.व. समाप्त भएको तीन महिनाभित्र प्रदेश स्तरीय खेलकुद विकास समिति, परिषद् र मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

## परिच्छेद - ३
## प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

५. **प्रतियोगिताको आयोजना तथा व्यवस्थापनः** (१) प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन एवं व्यवस्थापन परिच्छेद ३ को दफा ५ को उपदफा २ बमोजिमको सल्लाहकार समितिको सल्लाहमा प्रदेश स्तरीय खेलकुद विकास समितिबाट हुनेछ। प्रदेश स्तरीय प्रतियोगिता सञ्चालन भौतिक पूर्वाधार भएको सम्बन्धित प्रदेश अन्तर्गतको कुनै पनि जिल्लामा आलोपालो गरी गर्न सकिनेछ।

(२) प्रतियोगिताको सञ्चालनमा समन्वय, सहयोग तथा सहजीकरण गर्न निम्नानुसारको सल्लाहकार समिति रहनेछ। यस समितिको बैठकको आयोजना प्रदेश स्तरीय खेलकुद विकास समितिले गर्नेछ।

(क) सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्री -संयोजक

(ख) सम्बन्धित प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालय सचिव -सदस्य

(ग) सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रालय सचिव -सदस्य

(घ) सम्बन्धित प्रदेशका शिक्षा विकास निर्देशनालय प्रमुख -सदस्य

(ङ) प्रदेश सामाजिक विकास मन्त्रालयका खेलकुद महाशाखा प्रमुख -सदस्य

(च) नेपाली सेनाको प्रमुख वा प्रतिनिधि* -सदस्य

(छ) नेपाल प्रहरीको प्रमुख वा प्रतिनिधि* -सदस्य

(ज) सशस्त्र प्रहरीको प्रमुख वा प्रतिनिधि* -सदस्य

(झ) सम्वन्धित खेल सँघको प्रतिनिधि १/१ जना -सदस्य

(ञ) अध्यक्ष वा प्रतिनिधि* प्रदेश स्तरीय खेलकुद विकास समिति -सदस्य

(ट) प्रदेशको खेलकुद हेर्ने कार्यालयको प्रमुख* -सदस्य सचिव*

(३) समितिको बैठकमा आवश्यकता अनुसार अन्य व्यक्ति तथा संस्थाका प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा निमन्त्रणा गर्न सकिनेछ ।

६. **प्रतियोगिता सञ्चालन प्रक्रियाः** (१) यस प्रतियोगितामा सहभागी हुन छनौट भएका विद्यार्थीहरूलाई अनुसूची १ बमोजिमको फारम भराई सम्बन्धित जिल्ला खेलकुद विकास समितिले आयोजकलाई तोकिएको समयभित्र उपलब्ध गराउनु पर्नेछ ।

(२) प्रतियोगिताका विजयी खेलाडी र जिल्लाहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरू अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुनेछन्।

(४) आयोजकले प्रतियोगिता सञ्चालन गर्नु भन्दा १५ दिन अगावै प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलको विवरण सहितको जानकारी सबै जिल्ला खेलकुद विकास समितिहरूलाई पठाउनु पर्नेछ ।

(५) प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र आयोजकले खेल नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची ७ बमोजिमको ढाँचामा मन्त्रालय र परिषद्मा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

* चौथो संशोधन द्वारा संशोधित

(६) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकोले अघिल्लो वर्षको शिल्ड नै विजयी जिल्लालाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ । तर एउटै जिल्लाले निरन्तर रूपमा तीन पटकसम्म रनिङ शिल्ड जितेमा सो शिल्ड उक्त जिल्लाले सधैंको लागि राख्न पाउनेछ । आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ शिल्ड बनाउनु पर्नेछ । रनिङ शिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ शिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ । प्रथम पटकको लागि भने रनिङ शिल्ड आयोजकले नै तयार गर्नु पर्नेछ ।

(७) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक जिल्लाले रिले खेलको हकमा महिला तथा पुरुषका प्रत्येक इभेन्टमा १/१ टिम र अन्य प्रत्येक इभेन्ट्समा बढीमा २ जना खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ । प्रत्येक खेलाडीले बढिमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउनेछन् ।

(८) प्रत्येक जिल्लाबाट भलिबलतर्फ बढीमा ९/९ जना छात्र/छात्रा खेलाडीहरू, १ जना प्रशिक्षक,एथ्लेटिक्सतर्फ बढीमा ११/११ जना छात्र/छात्रा खेलाडीहरू, १ जना प्रशिक्षक, मार्सल आर्ट खेलका प्रत्येक तौल समुहमा प्रथम हुने छात्र/छात्रा खेलाडी र प्रत्येक खेलका १/१ जना प्रशिक्षक र कबड्डी खेल तर्फ ९/९ जना खेलाडी(छात्र/छात्रा) र १ जना प्रशिक्षक यस प्रतियोगितामा सहभागी हुन सक्नेछ । जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख वा निजले तोकेको १ जना कर्मचारी (टोली नेता) गरी बढीमा जम्मा ८८ जना सम्मको टोली प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन सक्नेछन् ।

(९) आयोजकले प्रतियोगिताको खेल तालिका (टाइसिट) निर्माण गर्नु पर्नेछ ।

(१०) प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्ट्सका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । सञ्चालित प्रतियोगितामा प्रथम हुने जिल्ला तह/विद्यालयलाई शिल्ड सहित नगद, ट्रफी र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ । साथै द्वितीय र तृतीय हुने जिल्ला/विद्यालयहरुलाई ट्रफी, नगद र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(११) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन जाँदा सम्बन्धित प्रदेश स्तरीय खेलकुद विकास समितिले खेलाडीहरूलाई पोशाक र प्रदेशको झन्डाको व्यवस्था गर्नु पर्नेछ ।

(१२) आयोजकले प्रतियोगिता सञ्चालन गर्न पनि थप स्रोत जुटाउन सक्नेछ ।

(१३) एथ्लेटिक्स र मार्सल आर्ट खेलका प्रतियोगितामा विजयी खेलाडीहरूलाई नै केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ भने भलिबल र कबड्डी

खेलमा सहभागी हुने खेलाडीहरूको छनौट प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका उत्कृष्ट खेलाडीहरू मध्येबाट प्रदेश स्तरीय खेलकुद विकास समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

(१४) काबुबाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी परिषद् र मन्त्रालयलाई आयोजकले गराउनु पर्नेछ ।

(१५) आयोजकले प्रदेश स्तरीय प्रतियोगितामा सहभागी हुन आउने टोली नेता तथा प्रत्येक खेलका १/१ जना प्रशिक्षक र खेलाडीहरुलाई ४ दिनसम्मको दैनिक भत्ता वापतको रकम नियमानुसार व्यवस्था गर्नु पर्नेछ।

(१६) आयोजकले विनियोजित रकमबाट भएको खर्चको लेखा परिक्षण गराई सोको प्रतिवेदन आ.व. समाप्त भएको एक महिना भित्र प्रदेशको सामाजिक विकास मन्त्रालय*, राष्ट्रिय खेलकुद परिषद् र मन्त्रालयमा पठाउनुपर्नेछ ।

## परिच्छेद -४
## केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

७. **प्रतियोगिताको आयोजना तथा व्यवस्थापनः** (१) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन एवं व्यवस्थापन राष्ट्रिय खेलकुद परिषद्बाट सम्बन्धित खेल संघलाई समेत परिचालन गरी गर्नु पर्नेछ । यो प्रतियोगिता प्रत्येक वर्ष केन्द्रीय स्तरमा सञ्चालन गरिनेछ । प्रतियोगिता सञ्चालन भौतिक पूर्वाधार भएको कुनै पनि प्रदेशमा आलोपालो गरी गर्न सकिनेछ ।

(२) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, व्यवस्थापन, सञ्चालन र समन्वय गर्न तथा प्रत्येक वर्षका लागि खेलको प्रतीक चिन्ह (मस्कट) मन्त्रालयमा सिफारिस गर्न निम्नानुसारको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद् -संयोजक

(ख) उपसचिव, मन्त्रालय, खेलकुद प्रतियोगिता शाखा -सदस्य

(ग) उपसचिव, विद्यालय शिक्षा शाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(घ) समावेश हुने खेलहरुका राष्ट्रिय खेल संघका १/१ जना प्रतिनिधि -सदस्य

---

* चौथो संशोधन द्वारा संशोधित

(ङ) आयोजित खेलका प्रमुख प्रशिक्षक १/१ जना प्रतिनिधि - सदस्य

(च) राष्ट्रिय खेलकुद परिषद्, खेलकुद प्रतियोगिता विभागका विभागीय प्रमुख - सदस्य सचिव

८. **<u>प्रतियोगिता सञ्चालन प्रक्रियाः</u>** (१) प्रतियोगितामा सहभागी हुन छनौट भएका विद्यार्थीहरूलाई अनुसूची १ बमोजिमको फारम भराई सोसमेतको विवरण सम्बन्धित प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखले सिफारिसका साथ आयोजकलाई तोकिएको समय भित्र उपलब्ध गराउनु पर्नेछ ।

(२) प्रतियोगिताका विजयी खेलाडी र प्रदेशहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरू अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुनेछन्।

(४) आयोजकले प्रतियोगिता सञ्चालन गर्नु भन्दा १५ दिन अगावै प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी सबै प्रदेश स्तरीय खेलकुद विकास समितिहरूलाई पठाउनु पर्नेछ ।

(५) प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र आयोजकले खेल नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची ८ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) प्रतियोगिता वार्षिक रुपमा आयोजना हुने नियमित प्रतियोगिता भएकोले अघिल्लो वर्षको शिल्ड नै विजयी प्रदेशलाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइने छ, तर एउटै प्रदेशले निरन्तर रूपमा तीन पटकसम्म रनिङ शिल्ड जितेमा सो शिल्ड उक्त प्रदेशले सधैंको लागि राख्न पाउनेछ ।आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ शिल्ड बनाउनु पर्नेछ । रनिङ शिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ शिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ । प्रथम पटकको रनिङ शिल्ड आयोजकले नै तयार गर्नु पर्नेछ ।

(७) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक जिल्लाले रिले खेलको हकमा महिला तथा पुरुषका प्रत्येक इभेन्टमा १/१ टिम र अन्य प्रत्येक इभेन्ट्समा बढीमा २ जना खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछन् ।

(८) प्रत्येक प्रदेशबाट भलिबलमा १८ (छात्र/छात्रा) खेलाडी, २ प्रशिक्षक, एथ्लेटिक्सतर्फ २२ (छात्र/छात्रा) खेलाडी, २ प्रशिक्षक, कबड्डीमा १८ (छात्र/छात्रा) खेलाडी, २ प्रशिक्षक, मार्शलआर्ट तर्फ प्रत्येक तौल समूहका प्रथम र द्वितीय छात्र/छात्रा २/२ जनाको दरले ३६ खेलाडी र १/१ जना प्रशिक्षक र टिम नेता एक समेत गरी कूल जम्मा १०६ जना सम्म सहभागी हुन सक्नेछन् ।

(९) आयोजकले प्रतियोगिताको तालिका (टाइसिट) निर्माण गर्नु पर्नेछ ।

(१०) प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्ट्सका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । सञ्चालित प्रतियोगितामा प्रथम हुने प्रदेश/विद्यालयलाई शिल्ड सहित नगद, ट्रफी र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।साथै द्वितीय र तृतीय हुने प्रदेश/विद्यालयहरुलाई ट्रफी, नगद र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(११) यस प्रतियोगिताको व्यक्तिगत इभेन्टमा प्रथम हुने खेलाडीलाई रु.५,०००।-, द्वितीय हुनेलाई रू.४,०००।- र तृतीय हुनेलाई रू.३,०००।- नगद पुरस्कार सहित प्रमाणपत्रको व्यवस्था आयोजकले गर्नु पर्नेछ । टिम गेमको हकमा भने प्रथम हुने टिमका प्रत्येक खेलाडीलाई रू.२,५००।-, द्वितीय हुने प्रत्येक टिमका खेलाडीलाई रू.२,०००।- र तृतीय हुने टिमका प्रत्येक खेलाडीलाई रू.१५००।- नगद पुरस्कार सहित प्रमाणपत्र व्यवस्था गर्नु पर्नेछ ।

(१२) आयोजकले केन्द्र स्तरीय प्रतियोगितामा सहभागी हुन आउने प्रदेश स्तरीय खेलकुद विकास समितिका टोलीलाई रा.प.अनं. प्रथम श्रेणीको कर्मचारी सरहको सुविधाको व्यवस्था गर्नु पर्नेछ । सुविधा दिँदा प्रदेश नं. १, २, ३, गण्डकी र ५ बाट प्रतिनिधित्व गर्ने टोलीलाई ४.२५ दिनको तथा कर्णाली र सुदुर पश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्ने टोलीलाई सोही प्रदेशमा प्रतियोगिता सञ्चालन हुने अवस्थामा बाहेक ५.२५ दिनको दैनिक भ्रमण भत्ता दिइनेछ । यातायातको हकमा प्रदेश स्तरीय प्रतियोगिता सञ्चालन भएको स्थानदेखि केन्द्रस्तरको प्रतियोगिता सञ्चालन भएको स्थानसम्मको स्थल मार्गको आतेजाते यातायात खर्च उपलब्ध गराउनु पर्नेछ। तर प्रतियोगिता सञ्चालन हुने सम्बन्धित प्रदेशको हकमा नियमानुसार हुनेछ ।

(१३) आयोजकले प्रतियोगिता सञ्चालन गर्न थप स्रोत जुटाउन सक्नेछ ।

(१४) एथ्लेटिक्सतर्फको केन्द्र स्तरीय प्रतियोगितामा राष्ट्रिय रेकर्ड तोड्ने प्रत्येक छात्र/छात्रालाई जनही रू.१०,०००।- का दरले उत्कृष्ट खेलाडी पुरस्कार प्रदान गरिनेछ ।

(१५) काबुबाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

(१६) आयोजकले विनियोजित रकमको खर्चको विवरण लेखा परिक्षण गराई सोको प्रतिवेदन आ.व. समाप्त भएको एक महिनाभित्र युवा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ ।

(१७) भलिबलको हकमा ७ टिम वा सो भन्दा कम भएको खण्डमा लिग प्रणालीको राउण्ड रोविन तरिकाबाट खेलाउने र लिगको प्वाइन्टको आधारमा नतिजा निकाल्ने र ७ टिम भन्दा बढी भएमा नकआउट प्रणाली अनुसार खेल व्यवस्थापन गरिनेछ ।

(१८) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा तोकिएको खेल तथा संख्यामा छात्र/छात्रा सहभागिता गराउने सामुदायिक विद्यालयलाई खेल सामग्री व्यवस्थापन वापत सहभागी विद्यालयहरुलाई तोकिएको रकम प्रदान गरिनेछ । ...............................................*

## परिच्छेद - ५
## संक्रमणकालीन व्यवस्था

९. **संक्रमण कालीन अवस्थामा प्रतियोगिता सञ्चालन गर्न गरिएको व्यवस्थाः** (१) प्रदेश स्तरीय खेलकुद निकाय गठन नहुन्जेलसम्म प्रदेश स्तरीय खेलकुद निकायको जिम्मेवारी सम्बन्धित प्रदेशको क्षेत्र भित्र हाल कायम रहेको क्षेत्रीय खेलकुद विकास समितिले सम्पादन गर्नेछ ।

(२) थप भएका जिल्लाको प्रतियोगिता सञ्चालन गर्नका लागि सोही जिल्ला रहेको प्रदेशको नजिकको जिल्ला खेलकुद विकास समितिले जिल्ला स्तरीय प्रतियोगिता सञ्चालन गर्नको लागि राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा मन्त्रालयले जिम्मेवारी तोकी पठाउनेछ ।

(३) राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतको प्रदेश स्तरको खेलकुद हेर्ने कुनै पनि निकाय नरहेका प्रदेशहरुको हकमा राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा मन्त्रालयले सोही प्रदेश अन्तर्गतको उपयुक्त कुनै जिल्ला खेलकुद विकास समितिलाई वा अर्को कुनै उपयुक्त निर्णय गरी प्रदेश स्तरको निकायले प्रदेश स्तरीय प्रतियोगिता सञ्चालन गर्ने गरी जिम्मेवारी तोकी पठाउनेछ।

(४) स्थानीय स्तर, जिल्ला, प्रदेश र केन्द्र स्तरको प्रतियोगिता सञ्चालनका क्रममा कुनै समस्या आई परेमा राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## विविध

* चौथो संशोधन द्वारा संशोधित

१०. <u>प्रतियोगिता सम्पन्न गर्ने अवधिः</u>  राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हिमाली जिल्लाहरुमा चैत्र र पहाडी, तराई तथा उपत्यकामा माघ/फाल्गुण महिना भित्र सम्पन्न गरी प्रदेशस्तर र केन्द्रस्तरमा वैशाख महिनामा सम्पन्न गरिसक्नु पर्नेछ ।

११. **<u>मूल्याङ्कनका आधारहरू:</u>** (१) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश भएका सम्पूर्ण खेल/विधा तथा प्रत्येक इभेन्ट्सहरुको (व्यक्तिगत तथा सामूहिक स्पर्धातर्फ) प्रथम स्थान हासिल गर्नेलाई स्वर्ण, द्वितीय स्थान हासिल गर्नेलाई रजत र तृतीय स्थान हासिल गर्नेलाई कास्य पदक र प्रमाणपत्र दिइनेछ। समग्रमा प्रथम स्थान, द्वितीय स्थान र तृतीय स्थानको निर्णय गर्दा स्वर्ण, रजत र कास्य पदक संख्याको आधारमा क्रमशः स्थान निर्धारण गरिनेछ । तर कुनै विद्यालयले प्राप्त गरेका पदकका प्रकारहरुको संख्या समान रहेमा टिम खेललाई छुट्याउने आधार बनाउनु पर्नेछ । टिम खेलको समेत समान रहेमा बढी खेलाडी आवश्यक हुने टिमका आधारमा स्थान निर्धारण गरिनेछ र सोबाट समेत नछुट्टिएमा गोला प्रथाबाट छुट्याउनु पर्नेछ ।

(२) साथै प्रतियोगिता सञ्चालनका क्रममा निर्णायकबाट भएको निर्णयमा चित्त नबुझी कुनै प्रतियोगीले आयोजक वा सञ्चालन गर्ने समिति समक्ष लिखित रुपमा प्रतियोगिता सञ्चालन गर्ने समितिले तोके वमोजिमको ढाँचामा उजुरी गरेमा जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ ।

१२. **<u>खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थी सम्बन्धी विशेष व्यवस्था:</u>** (१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि चालु शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत रहेका विद्यार्थीहरूमात्र यस निर्देशिका बमोजिम सञ्चालन हुने खेलकुद प्रतियोगिताहरूमा सहभागी हुन सक्नेछन् ।

(२) प्रतियोगितामा सहभागी खेलाडी/विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागी हुन पाउनेछ।

(३) अन्तराष्ट्रिय स्तरको प्रतियोगिता सहभागी भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

(४) गैर विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैन । यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालय र विद्यालयका प्रधानाध्यापकलाई आयोजक समितिले उचित देखेको अनुशासन सम्बन्धी कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(५) सहभागी विद्यार्थीको उमेरको विषयमा कुनै विवादमा भएमा नागरिकताको प्रमाण-पत्र प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को अन्तिम परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिनेछ ।

१३. **आर्थिक पक्षः** (१) रकम विनियोजनका आधारहरु देहाय अनुसार हुनेछन् ।

**साविकको परिच्छेद ६ को दफा १३ उपदफा १ को (क) हटाई देहायको "क" कायम गर्ने***

**(क)** जिल्ला स्तरीय प्रतियोगिताका लागि जिल्लामा रहेका स्थानीय तहहरुलाई आधार बनाई प्रदेशमा रहेको जिल्ला प्रतियोगिताको लागि छुट्याएको सशर्त अनुदान बाट बजेट विनियोजन गर्नु पर्नेछ।

(ख) स्थानीय तह स्तरीय प्रतियोगिताका लागि १ स्थानीय तह बराबर रु १ लाख बजेट विनियोजन भएको ससर्त अनुदानबाट व्यवस्थापन गर्नु पर्नेछ ।

(२) यस निर्देशिकाले समेटेका खेलकुद प्रतियोगिताका लागि मन्त्रालयले उपलब्ध गराएको बजेट सोही शीर्षकमा मात्र प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्ने दायित्व आयोजकको हुनेछ ।प्रतियोगिता सञ्चालन गर्न नसक्ने आयोजकले प्राप्त निकासा रकमलाई नियमानुसार फ्रिज गर्नु पर्नेछ ।

१४. **विनियोजित रकमको खर्चका आधारहरूः** (१) खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित बजेट खर्च गर्दा आयोजकले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमको परिधिभित्र रही खर्च गर्नु पर्नेछ। साथै, खेल प्रतियोगिता सञ्चालनको लागि विनियोजित बजेट अन्य प्रयोजनको लागि वा यो निर्देशिकामा भएको व्यवस्था बाहिर गएर खर्च गर्न पाइने छैन ।

(२) प्रतियोगिताको लागि विनियोजित बजेट कार्यक्रम सम्बन्धी बैठक खाजा, प्रचार प्रसार खेल सामग्री, खेलमैदान मर्मत/निर्माण, प्रमाणपत्र, नगद पुरस्कार तथा पदक, प्रतियोगिता उद्घघाटन, सञ्चालन, समापन र प्रदेश/केन्द्र स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिनेछ । प्रतियोगिताको उद्घघाटन, समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ ।

(३) स्थानीय तह स्तरीय प्रतियोगिता आयोजकले विनियोजित रकमको खर्चको विवरण प्रतियोगिता सम्पन्न भए लगत्तै प्रगति विवरणसाथ संलग्न गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग

---

* चौथो संशोधन द्वारा संशोधित

शिल्ड प्रतियोगिता आयोजक समितिलाई पेश गर्नु पर्नेछ । जिल्ला खेलकुद विकास समितिले यस कार्यक्रमका लागि विनियोजित रकमको लेखा परीक्षण प्रतिवेदन आ.व. को अन्त्यमा प्रदेश खेलकुद विकास समिति, राष्ट्रिय खेलकुद परिषद् र युवा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ ।

१५. **<u>प्रस्ताव पेश गर्नुपर्ने:</u>** यस निर्देशिका अनुसार कार्यक्रम आयोजना र सञ्चालन गर्न आयोजकले आयोजनाको मिति, स्थान, शीर्षकगत अनुमानित बजेट, सञ्चालन विधि, समावेश गरिने खेल तथा सम्भावित सहभागी विद्यालयको संख्या खुलाई देहायका कागजात सहित जिल्लाले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ। सोको जानकारी सम्बन्धित प्रदेशको खेलकुद परिषद र खेलकुद विकास समितिलाई दिनुपर्नेछ* ।

(क) व्यवस्थापन तथा निर्देशन समितिको निर्णयको छायाँप्रति

(ख) जिल्ला खेलकुद विकास समितिको निर्णय

(ग) गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको छायाँप्रति

१६. **<u>निरीक्षण तथा अनुगमन:</u>** (१) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन सम्बन्धित जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति र जिल्ला खेलकुद विकास समितिबाट हुनेछ ।

(२) जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन राष्ट्रिय खेलकुद परिषद् मातहतको सम्बन्धित प्रादेशिक निकाय, परिषद् र मन्त्रालयबाट हुनेछ ।

(३) प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन परिषद् र मन्त्रालयबाट हुनेछ ।

(४) केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन मन्त्रालयबाट हुनेछ।

१७. **<u>लोगो:</u>** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लोगो राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा मन्त्रालयले तोके बमोजिमको हुनेछ ।

१८. **<u>बाधा अड्काउ फुकाउने:</u>** यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइपरेमा राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा सो सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार मन्त्रालयमा रहनेछ ।

---

* चौथो संशोधन द्वारा संशोधित

**१९. <u>निर्देशिकाको संशोधनः</u>** मन्त्रालयले यस निर्देशिकालाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**२०. <u>खारेजी र बचाउः</u>** "राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०६८" खारेज गरिएको छ । उक्त निर्देशिका बमोजिम भए गरेका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १

**सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा**

(दफा ४ को उपदफा (१) र उपदफा (६), दफा ६ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना</u>**

(१) सहभागी विद्यार्थीको नाम :

(२) विद्यालयको नाम/ठेगाना :

(३) अध्ययनरत कक्षा :

(४) जन्म मिति :

(५) सहभागी हुने खेल :

(६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| **विद्यालयबाट छनौट भएमा** | **स्थानीय तहबाट छनौट भएमा** | **जिल्लाबाट छनौट भएमा** | **प्रदेशबाट छनौट भएमा** |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |

| | | | |
|---|---|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

अनुसूची - २

## विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

(दफा ४ को उपदफा (२), ६ को उपदफा (२),र दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा केन्द्र स्तरीय/प्रदेश स्तरीय खेलकुद विकास समिति/जिल्ला स्तरीय खेलकुद विकास समिति/स्थानीय तह स्तरीय प्रतियोगिता आयोजक समितिद्वारा आयोजित अन्तर विद्यालय स्थानीय तह स्तरीय/जिल्ला स्तरीय/प्रदेश स्तरीय/केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको ........... विधामा .............................. स्थान हासिल गर्नु भएकोमा श्री ..................................................... विद्यालय ........................... न.पा/गा.पा ................. जिल्लाका श्री ......................... लाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ............................ | ............................ | .......................... |
| **दस्तखत** | **दस्तखत** | **दस्तखत** |

अनुसूची - ३

## विजयी विद्यालय/जिल्ला/प्रदेशलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा

(दफा ४ को उपदफा (२), दफा ६ को उपदफा (२) र दफा ८ को उपदफा (२)सँग सम्बन्धित)

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा ............... केन्द्र स्तरीय/प्रदेश/जिल्ला/ स्थानीय तह स्तरीय प्रतियोगिता आयोजक समिति .............. द्वारा आयोजित अन्तर विद्यालय/स्थानीय तह स्तरीय/जिल्ला स्तरीय/प्रदेश स्तरीय/ केन्द्रीय .............. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ............................... स्थान हासिल गर्नु भएकोमा श्री ........................................ विद्यालय ............. न.पा./गा.पा. .............. जिल्ला .................... प्रदेश ............................ लाई धन्यवाद सहित यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| **दस्तखत** | **दस्तखत** | **दस्तखत** |

*(**पुनश्च :-** प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाणपत्रमा आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरुको मात्र दस्तखत हुनेछ।)*

अनुसूची - ४

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरूको विवरण

(दफा ४ को उपदफा (३), ६ को उपदफा (३) र दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**१. भलिबल :**

**छात्रः**

**छात्राः**

**२. कबड्डी :**

**छात्रः**

**छात्राः**

**३. एथ्लेटिक्स :**

**क. दौड (ट्रयाक) तर्फ :**

**छात्र :** १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

**छात्रा :** १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

**ख. उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ :**

**छात्र :** हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।

**छात्रा :** हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

**४.मार्सल आर्ट तर्फ :**

**क. कराँते (सितेरिया)**

**छात्र :** u–४२ केजी, u–४७ केजी, u–५२ केजी, काता एकल

**छात्रा :** u–४० केजी, u–४५ केजी, u–५० केजी, काता एकल

**ख. तेक्वान्दो**

**छात्र :** u–४५केजी, u–४८ केजी, र u–५१ केजी

**छात्रा :** u–४२ केजी, u–४४ केजी, र u–४६ केजी

**ग. उसु**

**छात्र :** Chang Quan, Nan Quan, and TaijiQuan

छात्रा : Chang Quan, Nan Quan, and TaijiQuan

अनुसूची - ५

## प्रगति प्रतिवेदन ढाँचा

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

मिति :

श्री ........................................ ।

**विषय : प्रगति प्रतिवेदन पेश गरिएको ।**

स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा ...... जिल्लामा सञ्चालित स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मितिः .......................... देखि ......................... सम्म
स्थान : ............... जिल्ला ............... न.पा./गा.वि.स. .................. वडा नं. ..........
प्रमुख अतिथि :

**क. सम्बन्धित स्थानीय तह स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण**

| स्थानीय तहको नाम | जम्मा विद्यालय संख्या | सहभागी विद्यालयको नाम, ठेगाना | विद्यालयको प्रकार सामुदायिक/संस्थागत | सहभागी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| खेल विधा | सहभागी वा टोली संख्या | विजयी विद्यालयको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगानाः | | | |
| द्वितीय हुने विद्यालयको नाम, ठेगानाः | | | |

अनुसूची - ६

## प्रगति प्रतिवेदन ढाँचा

(दफा ४ को उपदफा (८) सँग सम्बन्धित)

मिति :

श्री ........................................... ।

**विषय : प्रगति प्रतिवेदन पेश गरिएको ।**

जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा ......... जिल्लामा सञ्चालित जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : .......................... देखि .................. सम्म
स्थान : ............... जिल्ला ............... न.पा./गा.वि.स. .................. वडा नं. ..........
प्रमुख अतिथि :

**क. सम्बन्धित जिल्लास्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण**

| **स्थानीय तहहरु** | **जम्मा विद्यालय संख्या** | **सहभागी विद्यालयको नाम, ठेगाना** | **विद्यालयको प्रकार सामुदायीक/संस्थागत** | **सहभागी विद्यार्थी संख्या** | | |
|---|---|---|---|---|---|---|
| | | | | **छात्र** | **छात्रा** | **जम्मा** |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| **खेल विधा** | **सहभागी वा टोली संख्या** | **विजयी विद्यालयको नाम** | **विजयी विद्यार्थीको नाम** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगाना: | | | |
| द्वितीय हुने विद्यालयको नाम, ठेगाना: | | | |

अनुसूची - ७

**प्रगति प्रतिवेदन ढाँचा**

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

मिति :

श्री ........................................ ।

**विषय : प्रगति प्रतिवेदन पेश गरिएको ।**

प्रदेश खेलकुद विकास समितिद्वारा सञ्चालित ........... प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : ........................... देखि .................. सम्म
स्थान : ................ जिल्ला ................ न.पा./गा.वि.स. ................... वडा नं. ...........
प्रमुख अतिथि :

**क. सम्बन्धित प्रदेश स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरणः**

| जम्मा जिल्ला | सहभागी जिल्ला | सहभागी विद्यालय | | | सहभागी विद्यार्थी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिकतर्फ | | संस्थागततर्फ | | कूल | |
| | | | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| **खेल विधा** | **सहभागी वा टोली संख्या** | **विजयी जिल्लाको नाम** | **विजयी विद्यार्थीको नाम** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगानाः | | | |
| द्वितीय हुने विद्यालयको नाम, ठेगानाः | | | |

अनुसूची - ८

## प्रगति प्रतिवेदन ढाँचा

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

मिति :

श्री युवा तथा खेलकुद मन्त्रालय,
काठमाडौं ।

**विषय : <u>प्रगति प्रतिवेदन पेश गरिएको ।</u>**

राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : ........................... देखि ................... सम्म
स्थान : ................ जिल्ला ................ न.पा./गा.वि.स. ................... वडा नं. ...........

प्रमुख अतिथि :

**क. केन्द्र स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण**

| क्र.सं. | सहभागी प्रदेशको नाम | प्रतिनिधि संख्या | सहभागी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| खेल विधा | सहभागी वा टोली संख्या | विजयी प्रदेशको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगानाः | | | |
| द्वितीय हुने विद्यालयको नाम, ठेगानाः | | | |

**ग. राष्ट्रिय रेकर्ड कायम भएको भए सोको विवरण**

| क्र.सं. | नाम, थर | खेलको नाम | विद्यालयको ठेगाना | जिल्ला | नयाँ रेकर्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |